# बहुभाषिक कक्षामा नेपाली शिक्षण : समस्या र समाधान

विष्णुप्रसाद शर्मा

**सार-** *प्रस्तुत लेख बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण गर्दा आइपर्ने समस्या र समाधानमा केन्द्रित छ । यसका लागि पुस्तकालयीय विधिबाट द्वितीय स्रोतका सामग्री सङ्कलन गरी तिनको अध्ययन विश्लेषणका साथ निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । विविध मातृभाषी भएका विद्यार्थीहरूको कक्षा बहुभाषिक कक्षा हो । नेपाल बहुभाषी र बहुजाति मुलुक भएका कारण नेपालका ग्रामीणभन्दा सहरी क्षेत्रमा बहुभाषिक कक्षा बढी देखिन्छन् । यस्तो कक्षामा नेपाली भाषा शिक्षण चुनौतीपूर्ण हुन्छ । नेपाली भाषाको भाषिक वातावरण प्राप्त नगरेका विद्यार्थीहरूमा सम्प्रेषणीयताको अभाव हुनु, कक्षामा शिक्षकले प्रयोग गर्ने नेपाली भाषा कसैका लागि अति सरल र कसैका लागि कठिन अनुभव हुनु, सबै विद्यार्थीको मातृभाषासम्म शिक्षकको पहुँच नहुनु जस्ता समस्या बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्दा आइपर्छन् भने भाषिक पृष्ठभूमि र क्षमताका आधारमा विद्यार्थीलाई वर्गीकरण गरी सोही अनुसारका शिक्षण सामग्री, विधि तथा पाठ्यवस्तु प्रयोगका साथ उत्प्रेरणा र सबलीकरणका माध्यमबाट बहुभाषिक कक्षामा नेपाली शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।*

**मुख्य शब्दहरू :** *बहुभाषिक कक्षा, सम्प्रेषणीयता, मातृभाषा, प्रत्यक्ष विधि, श्रुतिभाषिक पद्धति ।*

## १. पृष्ठभूमि

अध्ययन तथा अनुभवको परिणामस्वरूप व्यक्तिको जीवनमा आउने स्थायी परिवर्तन नै शिक्षा हो, सिकाइ हो । सिकाइ जन्मसँगै सुरु हुन्छ र निरन्तर चलिरहन्छ । भाषा मानवीय वस्तु हो । यसको सिकाइ पनि परिवारबाटै सुरु हुन्छ भने साथीसँगी, सामाजिक वातावरण तथा विद्यालयबाट उसको भाषा सिकाइले परिपक्वता पाउँदै गर्छ । नेपाल बहुजाति तथा बहुभाषी मुलुक हो । व्यक्तिगत आवश्यकता, सामाजिक आवश्यकता, भेटघाट, विचार आदानप्रदान तथा दैनिक कार्य एवम् औपचारिक कार्यका लागि व्यक्तिले स्वाभाविक रूपमा पहिलो भाषाका अतिरिक्त दोस्रो, तेस्रो भाषा पनि सिक्नु पर्ने हुन्छ ।

नेपालको सन्दर्भमा १२३ भाषा अस्तित्वमा छन् भने अन्य र रिपोर्ट नभएका भाषा गरेर यो सङ्ख्या बढ्न सक्ने देखिन्छ (जनगणना, २०६८ : १६४-१६७) । नेपाली मातृभाषीको सङ्ख्या ४४.६३ प्रतिशत छ भने अन्य मातृभाषी हुनेहरूको सङ्ख्या ५५.३७ प्रतिशत देखिन्छ । यसको प्रभाव विद्यालय तथा महाविद्यालयका कक्षाहरूमा देखिन्छ । वि.सं. २०६२ सम्म राष्ट्रभाषाको सम्मान पाएको नेपाली भाषालाई अन्तरिम संविधान २०६३ ले सरकारी कामकाजको भाषाको मान्यता दिएको छ (लामिछाने, २०६८ : ५८) । यसो हुनाले पनि हालसम्म नेपाली भाषाको अनिवार्य शिक्षण सिकाइ गर्नु पर्ने देखिन्छ ।

कक्षामा उपस्थित विद्यार्थीहरू कोही पहिलो भाषाका रूपमा नेपाली सिक्न आउने र कोही दोस्रो, तेस्रो भाषाका रूपमा नेपाली सिकाइ गर्न आएका हुन्छन् । तिमीहरूमध्ये कसैले घरमा नै नेपाली भाषाको वातावरण पाएका, कसैले अलि अलि पाएका र कसैले पाउँदै नपाएका हुन्छन् (पौडेल, २०६६ : ३८) । त्यसमा पनि कोही गुरुङ-नेपाली, कोही मगर-नेपाली, कोही तामाङ-मगर-नेपाली, कोही नेवार-नेपाली विद्यार्थीहरू हुने गर्छन् । यसरी दुईभन्दा बढी मातृभाषाको पृष्ठभूमि भएका बालकहरूको कक्षालाई बहुभाषिक कक्षा भनिन्छ (अधिकारी र शर्मा, २०६४ : १८) । पहिलो भाषाका रूपमा तथा दोस्रो भाषाका रूपमा नेपाली शिक्षणभन्दा बहुभाषिक कक्षा शिक्षण जटिल हुन्छ (नेपाली भाषा शिक्षण, २०६५ : २०१) । यस्ता कक्षाहरूमा नेपाली भाषा बाहेक अन्य तिन, चार, पाँच भाषासम्म मातृभाषा भएका विद्यार्थीको जमघट हुन सक्छ ।

ठुला ठुला सहर बजार र नाकाहरूमा बहुभाषी विद्यार्थीहरूको जमघट हुन सक्छ । खास गरी काठमाडौं उपत्यका, पोखरा, भैरहवा, बुटवल, वीरगञ्ज, नेपालगन्ज, महेन्द्रनगर, धरान आदि सहरी क्षेत्रमा यस्ता विद्यार्थीहरू पाइन्छन् (शर्मा र पौडेल, २०६८ : ४६) । यसर्थ यस्ता बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्ने शिक्षकहरू निकै सचेत, सुयोग्य, सुप्रशिक्षित र इमानदार हुनु आवश्यक छ । त्यस्तो कक्षामा विद्यार्थीको भाषिक पृष्ठभूमि र दक्षताको पहिचान गरी उनीहरूका त्रुटि क्षेत्र पहिचानका साथ विविध शिक्षण सामग्री, विधि र पद्धतिका माध्यमबाट नेपाली भाषाको प्रभावकारी र उद्देश्यमूलक शिक्षण गर्नु कुशल भाषा शिक्षकको कर्तव्य हुन आउँछ ।

## २. अध्ययनको उद्देश्य

भाषा शिक्षण भाषिक सिप तथा पक्षको शिक्षण हो (अधिकारी, २०५७ : २) । यो बानी निर्माणमा आधारित हुन्छ । विभिन्न भाषालाई पहिलो भाषाका रूपमा बोल्ने विद्यार्थीहरू भएको कक्षा बहुभाषी कक्षा हो । खास गरी बहुभाषिक समाज र राष्ट्रमा यस्ता कक्षाहरू बढी पाइन्छन् । नेपालको सन्दर्भमा धेरै कक्षाहरू बहुभाषिक देखिन्छन् । यस्तो परिवेशमा नेपाली भाषा शिक्षण जटिल एवम् चुनौतीपूर्ण हुने गर्छ । यसर्थ बहुभाषिक परिवेशमा नेपाली शिक्षण गर्दा आइपर्ने समस्याहरूको खोजी गरी तिनको उचित समाधानका साथ भाषा शिक्षण गर्न स्पष्ट मार्ग निर्देश गर्नु प्रस्तुत अध्ययनको उद्देश्य हो ।

## ३. अध्ययन विधि/प्रक्रिया

प्रस्तुत शीर्षकसँग सम्बन्धित अध्ययन कार्य गर्नका लागि सर्वप्रथम सामग्री छनोट कार्य गरिएको छ । सो कार्य पुस्तकालयीय अध्ययन विधिमा आधारित भई द्वितीय स्रोतका सामग्रीहरू (पुस्तक तथा सन्दर्भ पुस्तक आदि) बाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीलाई वर्णनात्मक, विश्लेषणात्मक तथा अनुसन्धानात्मक विधि/पद्धतिको सहायताबाट अनुसन्धेय कार्य पुरा गरिएको छ । प्रक्रिया तथा परिणामलाई शीर्षकीकरण गरी प्रस्तुत गरिएको छ ।

## ४. नतिजा र छलफल

### ४.१ समस्या

शिक्षण चुनौतीपूर्ण एवम् गौरवमय कार्य हो । शिक्षकको अर्थ र शिक्षणको मर्म सार्थक त्यस बेला हुन्छ; जब उत्पादित जनशक्ति प्रतिस्पर्धी, चरित्रवान्, युगानुकूल सक्षम, योग्य र नैतिकवान् हुन्छ । पाठ्यवस्तुको सहज सम्प्रेषण, बाल मनोवैज्ञानिक, विविध शिक्षण विधि र पद्धतिको प्रयोग, वैयक्तिक भिन्नता, उत्प्रेरणा तथा सबलीकरण जस्ता पक्षको व्यावहारिक प्रयोगविनाको भाषा शिक्षण कार्य सफल र प्रभावकारी बन्न सक्दैन ।

भाषिक पृष्ठभूमिका आधारमा प्रायः कक्षाहरू एकभाषिक, द्विभाषिक र बहुभाषिक हुने गर्छन् । एकभाषिक कक्षामा एउटै मातृभाषा भएका, द्विभाषिक कक्षामा दुई वटा मातृभाषा भएका विद्यार्थी हुन्छन् भने बहुभाषिक कक्षामा विभिन्न मातृभाषा भएका विद्यार्थीहरू हुने गर्छन् । ती विद्यार्थीहरूको पहिलो भाषाका रूपमा आफ्नो मातृभाषा हुन्छ भने दोस्रो वा तेस्रो भाषाका रूपमा उनीहरूले नेपाली सिकेका हुन्छन् । यस्ता विद्यार्थीहरूमध्ये केहीले नेपाली भाषाको भाषिक वातावरण नपाएका हुनाले उनीहरूमा सम्प्रेषणीयताको अभाव हुन्छ; जसका कारण त्यस्ता विद्यार्थीहरू कक्षा कार्यकलापमा कम सक्रिय हुन्छन् (नेपाली भाषा शिक्षण, २०६५ : २०२) । अर्कातर्फ बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण गर्ने शिक्षकमा बहु भाषाको ज्ञान सम्भव नहुन सक्छ । यस्तो अवस्थामा सामान्य कुराहरू त नेपाली भाषाकै माध्यमबाट सिकाउन पनि त्यति गाह्रो हुँदैन तर विभिन्न भाषाभाषी विद्यार्थीका धार्मिक, सांस्कृतिक वा अन्य यस्तै विशिष्ट पक्षका बारेमा उनीहरूलाई जानकारी गराउन वा व्यवहृत तुल्याउन भने कठिन अवश्य हुन्छ । उनीहरूले ती कुरालाई सही रूपमा आत्मसात् गर्न र सही रूपमा अभिव्यक्त गर्नमा कठिनाइ अनुभव गर्न सक्छन् । विद्यार्थीको वैयक्तिक क्षमता बुझ्न र उनीहरूका भाषिक त्रुटिहरू निराकरण गर्न पनि बहुभाषिक कक्षामा समस्या नै पर्ने देखिन्छ ।

माध्यमिक तथा उच्च माध्यमिक तहमा भन्दा तल्ला तहका बहुभाषिक कक्षाहरूमा नेपाली शिक्षण गर्न जटिल हुन्छ; किनकि माथिल्ला तहमा आइ पुग्दा नेपाली इतर मातृभाषा हुने विदयार्थीहरू नेपाली भाषातर्फ केही हदसम्म नजिक हुन्छन् । औपचारिक कक्षाले पनि उनीहरूलाई नेपाली भाषाको सैद्धान्तिक र व्यावहारिक पक्षतर्फ परिचित गराएको हुन्छ । छोटकरीमा एकभाषी कक्षाभन्दा बहुभाषी कक्षामा नेपाली भाषा शिक्षण गर्नु स्वाभावैले कठिन हुन्छ । यस्ता कक्षामा भाषा शिक्षण गर्ने शिक्षकले मूलतः निम्न लिखित समस्याहरू झेल्नुपर्ने हुन सक्छ :

क) नेपाली भाषाको भाषिक वातावरण प्राप्त नगरेका वा नेपाली भाषाभन्दा अन्य भाषा पहिलो भाषा भएका विद्यार्थीहरूमा सम्प्रेषणीयताको अभाव हुनु,

ख) सम्प्रेषणको कमीका कारण त्यस्ता विद्यार्थीहरू कक्षा कार्यकलापमा कम सक्रिय रहनु,

ग) शिक्षकले कक्षामा व्यवहार गर्ने नेपाली भाषा कसैका लागि अति सरल र कसैका लागि जटिल अनुभव हुनु,

घ) सामाजिक संरचना र भौगोलिक विविधताका कारण नेपाली भाषाको असीमित वातावरणबाट धेरै विद्यार्थीहरू बञ्चित हुनु साथै त्यसको प्रभाव शिक्षणमा पर्नु,

ङ) सबै विद्यार्थीको सामाजिक, सांस्कृतिक धरातलका बारेमा शिक्षक परिचित हुन नसक्नु,

च) विद्यार्थीहरूबिच नै सांस्कृतिक सामाजिक दृष्टिले एउटै पाठ कसैका लागि परिचित र कसैका लागि अनौठो भइदिनाले बोध क्षमतामा प्रशस्त अन्तर देखिनु,

छ) बेग्लाबेग्लै मातृभाषा भएका विद्यार्थीहरूलाई बेग्लाबेग्लै कक्षामा राखी शिक्षण गर्न सकिने वातावरण तयार हुन नसक्नु,

ज) द्विभाषिक तथा बहुभाषिक परिवेशमा नेपाली शिक्षणका लागि छुट्टाछुट्टै पाठ्य सामग्री उपलब्ध हुन नसक्नु,

झ) कक्षामा विद्यार्थी सङ्ख्या धेरै हुने भएका कारण कतिपय शिक्षण विधिहरू पनि सफलतापूर्वक प्रयोगमा ल्याउन नसक्नु,

ञ) विद्यार्थीका त्रुटिगत क्षेत्रहरूमा विविधता हुनु र त्रुटि विश्लेषण गर्न जटिल हुनु, त्यस्ता त्रुटिहरू प्रारम्भिक, व्यवस्थित, उत्तर व्यवस्थित, स्रोतगत, अपूर्ण सिकाइगत, सरलीकरणगत आदि हुन सक्छन् ।

ट) सबै विद्यार्थीको मातृभाषासम्म शिक्षकको पहुँच नुपुग्नु साथै देशका सबै ठाउँमा बहुभाषी शिक्षक उपलब्ध हुन नसक्नु,

ठ) बहुभाषी विद्यार्थीहरूको नेपाली सिकाइमा मातृभाषाको प्रभाव पाइनु, आदि ।

**४.२ समाधान**

जुनसुकै परिस्थितिको पनि सामना गरी सफलतापूर्वक शिक्षण गर्नु कुशल भाषा शिक्षकको पहिचान हो । अभ्यास तथा पुनरावृत्ति, स्तरण तथा क्रमबद्धता, स्तरीयता र उपयुक्तता, कक्षा सहभागिता, भाषिक समझको उपयोग, योजनाबद्ध शिक्षण, निरन्तर मूल्याङ्कन, एककालिकता, एकीकृत कार्यक्रम, सहकार्यकलाप आदि भाषा शिक्षणका गुण एवम् सिद्धान्त हुन् । जुनसुकै प्रकृतिको भाषा शिक्षणमा पनि यस्ता सिद्धान्तलाई अपनाउनै पर्छ ।

बहुभाषिक परिवेशमा नेपाली शिक्षणलाई सफल र प्रभावकारी बनाउन यस्तो कक्षा शिक्षणमा देखिने समस्याको समाधानतर्फ सम्बन्धित शिक्षक सचेत, योग्य र इमानदार भई समर्पित हुनु पर्दछ । सम्बन्धित पक्षको समेत यसमा चासो आवश्यक हुन्छ । यस्तो कक्षामा शिक्षण गर्ने शिक्षक नै बहुभाषाको ज्ञाता भए झनै राम्रो हुन्छ तर त्यो सम्भव नभएमा सम्बन्धित शिक्षकलाई नै तालिम तथा प्रशिक्षण दिई काम चलाउन सकिन्छ र यस क्रममा विविध भाषाभाषी विद्यार्थीहरूको पहिचान गरेर सोही अनुरूप समूह विभाजन गर्ने, समूहको आवश्यकता अनुरूपका पाठ्य सामग्री उपलब्ध गराउन पहल गर्ने, सोही अनुरूपका द्विभाषिक/बहुभाषिक शिक्षण विधि र प्रविधि रोजेर उपयुक्त ढङ्गले शिक्षण गर्ने, निरन्तर मूल्याङ्कन, अनुगमन, उत्प्रेरणा र पृष्ठपोषण प्रदान गर्ने, आवश्यकता अनुसारका श्रव्य, दृश्य पाठ्य, स्पर्श्य शिक्षण सामग्रीको प्रयोग गर्ने, सम्बद्ध भाषाभाषीका विद्यार्थीसँग निरन्तर सम्पर्कमा रही त्रुटि वा समस्या समाधानमा सक्रिय रहने, भाषा शिक्षणका सिद्धान्तलाई अपनाउने गर्नाले बहुभाषिक परिवेशमा नेपाली शिक्षणलाई सफल र सार्थक बनाउन सकिन्छ (शर्मा र पौडेल, २०६८ : ४७) । यस्तो परिवेशमा शिक्षकले उसको मातृभाषाप्रति नराम्रो दृष्टिकोण राख्नु हुँदैन बरु मातृभाषाबाटै आवश्यक पाठ्य सामग्री र शिक्षण सामग्री लिई नेपाली भाषा शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । विद्यार्थीका मातृभाषाका अनुभवलाई समेत नेपाली भाषा शिक्षणमा उपयोग गर्ने कार्य यस्तो कक्षामा अपनाउन सकिन्छ (अधिकारी र शर्मा, २०६४ : १९) । जस्तै : चाडपर्वका सन्दर्भ र तिनका लागि प्रयुक्त हुने शब्दहरू ।

नेपाली भाषाको कक्षा द्विभाषिक, बहुभाषिक वा दुवै एकै ठाउँ रहेको संयुक्त प्रकृतिको भए पनि त्यसलाई स्तरीय नेपालीको शिक्षणमा केन्द्रित गर्नुपर्छ । घर परिवारमा समेत नेपाली भाषा अनिवार्य बोल्न लगाउने, कक्षा कोठाभित्र मातृभाषामा कुरा गर्न नदिने, विद्यालय परिसरभित्र नेपाली र अङ्ग्रेजी बाहेक अरू भाषामा कुरा गर्न नदिने एवम् सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको अभ्यासमा समान अवसर प्रदान गर्ने कुरामा समेत शिक्षकको सहयोगी भूमिका हुन सक्नु पर्दछ (पौडेल, २०६६ : ३८) । यसमा अनुशासित र लगनशील विद्यार्थी एवम् सहयोगी अभिभावक र उपयुक्त भौतिक, शैक्षिक, वातावरणको समेत जरुरत पर्दछ । यस्तो कक्षामा भाषा शिक्षण गर्दा प्रत्यक्ष विधि, व्याकरण अनुवाद विधि, निगमनात्मक पद्धति, आगमनात्मक पद्धति, मौन विधि, श्रुतिभाषिक पद्धति, सम्प्रेषणात्मक पद्धति, समुदाय भाषिक सिकाइ जस्ता शिक्षण विधि तथा पद्धतिको प्रयोग आवश्यकता अनुसार गर्न सकिन्छ (नेपाली भाषा शिक्षण, २०६५ : २०३-२०६) । समग्रमा बहुभाषिक कक्षामा नेपाली

भाषा शिक्षण गर्ने शिक्षकले निम्न लिखित पक्षमा विशेष ध्यान दिनु आवश्यक हुन्छ :

क) भाषिक पृष्ठभूमि, क्षमता वा भाषिक परिवारका आधारमा विद्यार्थीलाई समूहमा विभाजन गर्ने,

ख) विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूले नेपाली भाषा सिक्दा गर्ने सम्भावित त्रुटिहरूको निर्क्यौल गर्ने,

ग) शिक्षणका क्रममा विशेष गरी प्रत्यक्ष विधि, संरचनात्मक विधि र संज्ञानात्मक विधिको उपयोग उचित किसिमले गर्ने,

घ) सम्भव भएसम्म विद्यार्थीहरूका मातृभाषाबाट पनि प्रशस्त शिक्षण सामग्री जुटाउने,

ङ) अभ्यासात्मक कार्य तथा निराकरणात्मक शिक्षणमा जोड दिने,

च) श्रव्य, दृश्य, पाठ्य, स्पर्श्य जस्ता शिक्षण सामग्रीहरूको प्रयोगमा जोड दिने,

छ) शिक्षक विद्यार्थी सम्बन्ध बढी घनिष्ठ बनाउन प्रयास गर्ने,

ज) विद्यार्थीहरूलाई सकेसम्म मौखिक र लिखित भाषिक व्यवहारमा बढी मात्रामा सक्रिय बनाउने,

झ) विद्यार्थीहरूका स्तर अनुकूलका प्रतियोगितात्मक भाषिक कार्यक्रमहरू सञ्चालन गर्ने, जस्तै : अन्ताक्षरी, शब्द दौड, वादविवाद, संवाद, हिज्जे, भ्रमण, उखान टुक्का भन्ने आदि ।

ञ) आवश्यकता अनुसार पहिलो र दोस्रो भाषाका शिक्षण पद्धति वा विधिको प्रयोग गर्ने,

ट) भाषा शिक्षणका सिद्धान्त आवश्यकता अनुकूल अवलम्बन गर्ने, आदि ।

## ५. निष्कर्ष

पहिलो भाषाका रूपमा तथा दोस्रो भाषाका रूपमा भन्दा बहुभाषिक परिवेशमा नेपाली शिक्षण जटिल तथा चुनौतीपूर्ण हुन्छ । विभिन्न मातृभाषाको पृष्ठभूमि भएका बालबालिकाहरूलाई नेपाली भाषा शिक्षण गर्नु अवश्य पनि सजिलो हुँदैन । यस्तो परिवेशमा शिक्षक र विद्यार्थीबिचको भाषिक, सांस्कृतिक तथा धार्मिक परिवेशमा अन्तर देखिन सक्छ; जसले गर्दा सम्प्रेषणमा कठिनाइ उत्पन्न भई विद्यार्थी कक्षा कार्यकलापमा काम सक्रिय हुन्छन् । नेपाली भाषाको परिवेश बढी पाएका, कम पाएका र नपाएका विद्यार्थीहरूका लागि नेपाली भाषाको पाठ्यवस्तु कसैका लागि जटिल त कसैका लागि सामान्य हुन सक्छ । बहुभाषिक कक्षा शिक्षणमा देखिने यस्ता समस्याको समाधानका लागि नेपाली भाषा शिक्षक बहुभाषिक (सम्भव भएसम्म) सुयोग्य, प्रशिक्षित र सक्षम तथा सचेत हुनु पर्छ । विद्यार्थीको भाषिक पृष्ठभूमिलाई बुझेर सोही अनुकूल भाषा शिक्षणका सिद्धान्तका आधारमा उपयुक्त शिक्षण विधि, पद्धति तथा सामग्रीको प्रयोग गरी उत्प्रेरणा तथा पुनर्बलका आधारमा नेपाली शिक्षण गर्नु पर्दछ । विद्यार्थीलाई समान अवसर प्रदान गरी विद्यार्थीका भाषिक सिकाइमा देखिने त्रुटिलाई निराकरण गर्दै शैक्षणिक र मनोवैज्ञानिक पक्षको अवलम्बनका साथ बहुभाषिक परिवेशमा नेपाली शिक्षणलाई उद्देश्यमूलक, सफल र प्रभावकारी बनाउन सकिन्छ ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५७), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६४), *प्रारम्भिक नेपाली भाषा शिक्षण,* छैटौं संस्क. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

*जनगणना* (२०६८), काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

ढकाल, शान्तिप्रसाद (२०६२), *नेपाली भाषा शिक्षण,* काठमाडौं : मनकामना बुक्स एन्ड स्टेसनरी ।

*नेपाली भाषा शिक्षण* (२०६५), "सक्षमतामा आधारित निम्न माध्यमिक तथा माध्यमिक शिक्षक तालिम स्वाध्ययन सामग्री" चौ. सं. भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

पौडेल, नेत्रप्रसाद (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौं : पैरवी प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६७), *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६८), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल, (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, विष्णुप्रसाद (२०६९), *भाषा शिक्षणका केही सन्दर्भ,* पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

.......... (२०७०), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

*शिक्षकको पेसागत विकास (टिपिडी) कार्यक्रम प्रशिक्षक प्रशिक्षण निर्देशिका* (२०७०) भक्तपुर शैक्षिक जनशक्ति विकास केन्द्र ।